**निर्णयहरुः**

१.यहि मिति २०८१ असोज ११ र १२ गतेको अबिरल बर्षाको कारण यस कोन्ज्योसोम गाउँपालिका भित्र भएको मानवीय, भौतिक पूर्वाधार कृषि, बाली, पशु, बिद्यालय, पसल, सवारी साधन आदिको क्षतिको बारेमा प्रारम्भिक विवरण तथा हालसम्म गाउँपालिकाको तर्फबाट भएको पहल र प्रगतिको बारेमा गाउँपालिका अध्यक्षज्यूबाट यस बैठकमा प्रस्तुत भई छलफल भयो ।

२. यहि मिति २०८१ असोज ११ र १२ गतेको अबिरल बर्षादको समयमा साथै त्यसपछी आजका मितिसम्म उद्धार राहत तथा विपद व्यवस्थापन सम्बन्धी अन्य कार्यमा सहयोग गर्नुहुने राजनीतिक दल सम्बृद्ध व्यक्तित्व, जनप्रतिनिधिहरु, सुरक्षाकर्मी, नागरिक समाजका व्यक्तिहरु, स्वास्थ्यकर्मी, कर्मचारी, शिक्षक, पत्रकार तथा सम्पूर्ण सर्वसाधारण जनता समेतलाई गाउँपालिका र यस बैठकको तर्फबाट धन्यबाद ज्ञापन गर्ने निर्णय गरियो ।

३. मिति २०८१ साल असोज महिनाको ११ र १२ गतेको अबिरल बर्षातका कारण बाढी, पहिरो, डुबान जस्तो भयाबह अवश्था उत्पन्न हुँदा जिउ ज्यान गुमाउने कोन्ज्योसोम -३ दलचोकि निवासी बर्ष २२ कि सुस्मिता घलान, बर्ष १५ का समिर घलान र कोन्ज्योसोम -५, भारदेउ निवासी बर्ष ६४ की माइली श्रेष्ठका परिवारलाई गाउँपालिकाको तर्फबाट जनही रु. १,००,०००।- (अक्षरुपी रु. एक लाख मात्र) आर्थिक सहयोग प्रदान गर्ने निर्णय गरियो ।

४.गत २०८१ असोज ११ र १२ गतेको अबिरल बर्षा,बाढी पहिरोको कारण घरबास समेत गुमाएका परिवारहरुलाई लत्ताकपडा भाडाकुडा, खाद्यान्न र त्रिपाल समेतको निम्नानुसार प्याकेज उपलब्ध गराउने यसरी राहत उपलब्ध गराउँदा आफ्नो घरमा बस्न नसक्ने गरी बासस्थानको गुमाएका परिवारहरु पहिचान गरी मिति २०८१/०६/२० गते बिहान ११ बजेसम्म सम्बन्धित वडा अध्यक्षले सिफारिस गरी पठाउने, राहत वितरणको तालिका गाउँपालिकाले प्रकाशन गर्ने र उक्त समयमा वडा अध्यक्ष लगायत जनप्रतिनिधिहरु, राजनीतिक दलका प्रतिनिधिहरु, प्रहरी,गाउँपालिका र वडा कार्यालयका कर्मचारीहरु समेत उपस्थित रहने निर्णय गरियो ।

**तपशिलः**

१. जिरा मसिनो चामल २५ के.जी
२. खाने तेल १ लिटर
३. मुसुरोदाल २ के.जी
४. नुन २ प्याकेट
५. सोयाबिन आधा के.जीको १ पाकेट
६. लाइटर ५ वटा
७. त्रिपाल — ५ जना ओत लाग्न पुग्ने
८. ब्लाङकेट ५ जना सुत्न पुग्ने
९. डसना ५ जना सुत्न पुग्ने
१०.स्टिल थाल/गिलास -५/५ वटा
११.तन्ना
१२.सिरानी ५ वटा
१३.म्याट्रेस
१४.सावन (लुगा धुने /नुहाउने /भाडा माज्ने /टुथ ब्रस/पेस्ट)५-५ थान
१५.प्लास्टिक बाल्टी २० लि.
१६. प्लास्टिक जग १ लि.
१७.तपेस/डेक्ची — ५ लि
१८.डाडु/पन्यु -१/१ थान

५.बाढी पहिरोको कारणले यस गाउँपालिकाको मुख्य पहुँचमार्ग (बिर्खेधारा-दलचोकी-शंखु,मध्यमार्गी,लेले-चन्दनपुर सडक ) धेरै ठाउँमा ठुलो क्षति भएको देखिएकोले उपरोक्त सडकहरू मर्मत सम्भार गरी गाउँपालिका सम्मको पहुँच सहज बनाउनका लागि ब्याक हो लोडर ,एक्शाभेटर आदि मेसिन औजार भाडामा लिई इन्धन खरिद गरी परिचालन गर्ने निर्णय गरियो ।

६.क्षति भएका खानेपानी योजना (मुहान तथा वितरण संयन्त्र),अवरुद्ध संचारका साधन (टेलिफोन ,इन्टरनेट),बिद्युत प्रशारण लाईन ,बिद्यालयका भौतिक संरचनाहरु लाई पुरुत्थान गरी पुनःसंचालनमा ल्याउन गाउँपालिकाको श्रोत साधनले भ्याएसम्म गाउँपालिकाले गर्ने र नपुगेको खण्डमा सम्बन्धित लाईन एजेन्सीहरु र जिल्ला विपद व्यवस्थापन समितिलाई समेत अनुरोध गरी पठाउने निर्णय गरियो

७. बाढी पहिरोको कारणले यस गाउँपालिकाभित्रका शाखा सडकहरू वडा अध्यक्षमार्फत प्राथमिकता निर्धारण गरी गाउँपालिकाको श्रोत परिचालन गरी क्रमशःमर्मत सम्भार गर्दै संचालन गर्दै जाने निर्णय गरियो ।

८. यहि मिति २०८१ असोज ११ र १२ गतेको अबिरल बर्षा,बाढीपहिरोको कारणमृ त्यु भएका व्यक्तिका परिवारजन र बाढी पहिरोको कारण घरबास समेत गुमाएका परिवारलाई सहयोग गर्ने साथै भौतिक तथा सामाजिक पूर्वाधार उत्थानको लागि सहयोग गर्न चाहने व्यक्ति तथा संघ संस्थाहरुलाई नगद तथा जिन्सी सामानहरु यस गाउँपालिका मार्फत एकद्वार प्रणालीबाट गर्न सार्वजनिक अपिल गर्ने निर्णय गरियो।

९. मिति २०८१ साल असोज महिनाको ११ र १२ गतेको अबिरल बर्षातका कारण बाढी, पहिरो, डुबान जस्तो भयाबह अवश्था उत्पन्न हुँदा जिउ ज्यान गुमाउने कोन्ज्योसोम -३ दलचोकि निवासी बर्ष २२ कि सुस्मिता घलान, बर्ष १५ का समिर घलान र कोन्ज्योसोम -५, भारदेउ निवासी बर्ष ६४ की माइली श्रेष्ठ प्रति हार्दिक श्रदान्जली अर्पण गर्दै शोकाकुल परिवारप्रति गहिरो समवेदना र घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गरियो ।